
# FAIR FACTS



## धनगढी

### उप-महानगरपालिका

कुल जनसंख्या

**१९८,७९२**

युवा जनसंख्या

**१०८,७०४**

( १५-४४ वर्ष )

(श्रोत: जनगणना २०७८)

आर्थिक वर्ष २०७९/०८० को धनगढी उप-महानगरपालिकाको

## कुल बजेट

# १,८३,८९,२४,०००

क्षेत्रगत व्यय अनुमान

## (४०.६७%)

सामाजिक विकास

लैंगिक समानता तथा
सामाजिक समावेशीकरण

**९४ लाख ५ हजार**

युवा तथा खेलकुद

**८७ लाख १४ हजार**

## (४.१५%)

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

मानव संसाधन विकास

**२ लाख**

श्रम तथा रोजगारी

**१ करोड ९६ लाख**



# युवा र सहभागिता

## उपभोक्ता समिति र युवा

१० लाख भन्दा बढी रकममा संचालन हुने योजनाका लागि गठन हुने उपभोक्ता समितिहरु नगरपालिकामा दर्ता हुने गर्दछन् । यस्ता उपभोक्ता समितिहरु उप-महानगरपालिकामा हालसम्म ३८ वटा रहेका छन् ।

उपभोक्ता समितिहरु टोल भेला अथवा वडा भेलाबाट गठन हुने गर्दछन् । उपभोक्ता समितिहरु, कम्तीमा ७ जना र बढी ११ जनासम्मको गठन हुनुपर्ने प्रावधान रहेको छ । जस अन्तरगत ३३ प्रतिशत महिला, समावेशी र कार्यकारी पदमा कम्तीमा १ जना महिला अनिवार्य हुनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुमा युवाहरुको सहभागिता सुनिश्चित गराउनुपर्ने कुनै स्पष्ट प्रावधान भने छैन ।

## टोल विकास समिति र युवा

टोल विकास समिति गठनको सन्दर्भमा, धनगढी उप-महानगरपालिकाले टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धि निर्देशिका, २०७४ जारी गरेको छ। टोल विकास समितिहरुमा वडा अध्यक्ष, जनप्रतिनिधि, ज्येष्ठ नागरिक, एकल महिला, बाल क्लबका अध्यक्ष, महिला स्वास्थ्य स्वयम् सेविका लगायतको सहभागिता रहने व्यवस्था छ । तर, युवा सहभागितालाई जोड दिने सन्दर्भमा उप-महानगरपालिकाले यस निर्देशिकामा पनि कुनै व्यवस्था गरेको छैन ।

## बस्ति स्तरको योजना छनौट

बस्ति स्तरको योजना छनौटमा वडाका विषयगत समुहहरुसँग छलफल गर्ने भनिए पनि, बस्ती स्तरको योजना छनौटमा युवाहारुको सहभागिता सुनिश्चितता गराउने सम्बन्धमा छुट्टै प्रावधान छैन ।

## अन्य

नगरसभा र सार्वजनिक सुनुवाईका लागि छुट्टाछुट्टै भेलाहरु आयोजना गरिन्छ। जसका लागि सार्वजनिक रूपमा सूचना प्रवाह गरिन्छ । यि भेलाहरुमा सबै तहका व्यक्तिहरुको सहभागिता रहन्छ । युवा सहभागीता सुनिश्चित गर्ने सन्दर्भमा छुट्टै प्रावधान छैन ।



# सकारात्मक अभ्यास

धनगढी उप-महानगरपालिकाको १९ वटै वडामा सामाजिक परिचालकहरू छन् । परिचालकहरुले आ-आफ्नो वडामा हुने सरसफाई, युवा क्लब, आमा समुह, हिंसा रोकथाम लगायत विभिन्न कार्यक्रमहरुमा समुदायमा गएर सहजिकरण गर्ने गर्दछन् । हरेक महिना, नगरपालिकाले उत्कृष्ट काम गर्ने सामाजिक परिचालकहरूलाई उत्कृष्ट सामाजिक परिचालक भनेर प्रोत्साहन स्वरूप रू. ५000/- सहित सम्मान गर्ने गरेको छ। वडा नं १९ का ३४ वर्षीय युवा सामाजिक परिचालक राम प्रसाद राना बैशाख महिनाको उत्कृष्ट सामाजिकको रूपमा सम्मानित भएका छन्।

## समुदाय स्तरमा उठेका युवा सरोकारका मुद्दाहरु

- स्थानीय तहको नीति निर्माण, कार्यक्रम छनौट र विकास निर्माणमा युवाहारूलाई सहभागी गराइदैन ।
- युवाहरूलाई आकर्षित गर्ने कार्यक्रमहरु छैनन्।
- युवासँग सम्बन्धित आधाकारिक तथ्यांकहरु छैनन्।
- पालिका र वडाहरूले सहि रूपमा सूचना प्रवाह गरेका छैनन्।
- युवा लक्षित कार्यक्रमहरु नगन्य मात्रामा मात्रै छन् ।
- स्थानीय सरकारको बुझाई युवा लक्षित कार्यक्रम भनेको खेलकुद मात्र हो भन्ने छ।
- स्थानीय सरकार प्रति युवाहरूले विश्वास गर्न सकेका छैनन्, जसले गर्दा युवाहरूले सार्वजनिक सरोकारका विषयमा चासो राख्दैनन्।
- स्थानीय सरकार र युवा बिचमा सहकार्य र समन्वयको अभाव छ।

## स्थानीय सरकारलाई सुझाव

- स्थानीय तहको नीति निर्माण, कार्यक्रम छनौट र विकास निर्माणमा युवाहारूको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने नीतिगत प्रावधान गर्ने।
- युवालाई स्वरोजगार र उद्यमी बनाउन युवा लक्षित कार्यक्रममा जोड दिने।
- पालिका तथा वडाले प्रवाह गर्ने सूचना सबैको पहुँचमा भएको सुनिश्चित गर्ने।
- पालिकाकाले तय गर्ने कार्यक्रममा युवा नेतृत्व र सृजनशीलतालाई प्राथमिकतामा राख्ने।

# कथा किनारा



## कुसुम बि.क

२५ वर्षकी कुसुम बि.क. BSW तेस्रो वर्षमा अध्ययनरत छिन् । उनि सानैदेखि निडर छिन् । समाजमा हुने विभेद र अधिकारको बारेमा कुरा राख्न धक मान्दिनन्। कक्षा ११ मा पढ्दै गर्दा उनि “छोरीलाई पढाऔं, गरिबी हटाऔं” नामक तालिममा सहभागी भएकी थिईन। यसले उनलाई अधिकार र सार्वजनिक सरोकारका विषयमा प्रश्न गर्न सिकायो

तर, सामाजिक सरोकारका विषयमा युवाहरुलाई आफ्ना कुरा राख्न त्यति सजिलो छैन । त्यसमाथि महिलालाई अझै गाह्रो छ भने, दलित महिलाको अवस्था त्यो भन्दा जटिल छ । उसै पनि युवाहरु सार्वजनिक सरोकारका विषयमा त्यति चाँसो राख्दैनन् । स्थानीय सरकारले आयोजना गर्ने टोल भेलाहरुमा पनि युवालाई प्राथमिकतामा राखिदैन। युवाहरु त्यसै पनि त्यस्ता भेला/छलफलहरुमा सहभागिता हुन रुची राख्दैनन्। तर, कुसुमलाई यस्ता भेलाहरु अर्थपूर्ण लाग्छन्। टोल, वडा तथा नगर स्तरमा हुने यस्ता भेला तथा कार्यक्रमहरुमा आयोजकले नबोलाए पनि उनि सहभागी हुन्छिन्। उनि आफुलाई चित्त नबुझेको कुरा राख्छिन् । भेलामा प्राय बाटोघाटो र अन्य भौतिक निर्माणसम्बन्धि छलफल हुन्छ । त्यस्ता भेलामा महिला बोलेको सुनिदैन । बोल्न खोजे पनि बोल्ने अवसर दिईदैन । तर, कुसुमले भने आफ्ना कुरा प्रष्ट राख्छिन् । प्राय पुरुष सहभागीले “छोरी मान्छे भएर पनि सबैको अगाडी यसरि बोल्ने ?” भनेर हतोत्साहित गर्छन् । धेरै पटक भेलामा सहभागी जनप्रतिनिधिले उनको घरमै आएर उनका अभिभावकलाई “तपाईंकि छोरी भेलामा कति छुच्ची भएर बोलेकी ?” पनि भने। तर पनि उनि आफ्ना कुरा राखिरहन्छिन्। विशेष गरेर युवा तथा महिलाका मुद्दामा उनि प्रश्न गरिरहन्छिन्। उनले उठाएका मुद्दाहरुको सुनुवाई नभए पनि अहिले भेलाहरुमा महिला तथा युवाका विषयमा कुरा उठ्न थालेकाछन् ।

प्राय जस्तो भेलाहरुमा महिलाको औपचारिक सहभागिता मात्र हुन्छ । उपस्थित पुरुष मध्ये पनि युवाको सहभागिता न्युन हुन्छ । यो अभ्यासले युवाका मुद्दाहरुले स्थानीय नीति तथा कार्यक्रमहरुमा प्राथमिकता पाउँछन् भन्ने कुरामा विश्वास गर्न सकिदैन ।